Blue Diamond Society
नील हिरा समाज

Ref. No 46-2016

Date: -

Date : 17/06/2016

Press Release

Blue Diamond Society condemns the deadliest mass shooting in modern American History that killed 49 people; most of the people were sexual and gender minorities, after a gunman attacked a gay club in Orlando, Florida 12 June 2016. Even extreme condemnation is insufficient about this massacre. Along with condemnation, there is a need of taking some serious measures to ensure that such tragedy will not repeat in the future. BDS is working to ensure the rights of gender and sexual minority across the word.

The mass shooting has taken place in America when the scars of attack in Bangladesh were not healed. Serious attention of BDS has been drawn. We demand the strong investigation about the shooting and punish the culprit responsible in the attacks. BDS is working a dream that there will not be violence against the LGBTI across the globe.

BDS wants to see the progress of LGBTI across the globe not only in some specific areas or country. We express our solidarity with the LGBTI from across the globe. We urge the concerned international bodies to become aware to stop such tragedy in the future. We want to draw the attention of government of the all countries in this world to ensure in their respective country that hate crime against LGBTI will not take place again. We wish that departed soul rest in peace and we express heartfelt condolence to the victims of family members and friends those killed in shooting. We wish early recovery of the injured people.

President
Pinky Gurung

Executive Director
Manisha Dhakal

Dhumbarahi Marga, Dhumbarahi Height, Kathmandu-4, Nepal;
Tel: +977-1-4443350 / 4426652 / 4426653; Toll Free No.: 1660-01-20140; Fax: +977-1- 4007726;
Email: bluediamondsociety.movement@gmail.com; info@bds.org.np Website: www.bds.org.np

Blue Diamond Society
नील हिरा समाज

Ref. No. 46-2016

Date: -

मिति : २०७३।०३।०३

प्रेस बिज्ञप्ती

अमेरिकाको फ्लोरिडा राज्यको ओरलाण्डो स्थित समलिंगी रात्री क्लवमा आइतवार राती भएको नरसंहार घटनामा परी ४९ जना समलिंगीको मृत्यु भएको र ५० जना भन्दा धेरै घाइते भएको त्रासपूर्ण समाचारले हामी नेपालमा रहेका सम्पूर्ण यौनिक तथा लैंगिक अल्पसंख्यक समूदाय स्तब्ध भएका छौं । यस घटनाले हामीलाई मर्माहित र दुखित तुल्याएको छ । संसारबाटै समलिंगी र तेस्रोलिंगीहरुको विभेद र हिंसा अन्त्य होस भनि सपना बोकेर काम गर्दै आएको नील हिरा समाज यस्तो विभत्स हत्याको घोर भर्त्सना गर्दछ । विश्वभरी नै यस्ता खालका घटना नदोहोरिनका लागि विश्व सामू तत्काल भरपर्दो कदम चाल्न अपिल पनि गर्दछ ।

केही महिना अघि मात्रै बंगलादेशमा दुई जना समलिंगी अधिकारकर्मी एवं पत्रकारको हत्या गरेको घटना सेलाउन नपाउँदै अमेरिका जस्तो विकसित मुलुकमा समलिंगी माथि जघन्य घटना हुनुले विश्वभरका यौनिक तथा लैंगिक अल्पसंख्यक समूदायको ध्यानाकर्षण भएको छ । नील हिरा समाज संसारका निश्चित कुनै एउटा कुनामा मात्र भएको प्रगति प्रति खुशी हुँदैन । समाज विश्वका हरेक कुनामा रहेका यौनिक तथा लैंगिक अल्पसंख्यकहरुको प्रगति भएको हेर्न र सुन्न चाहन्छ साथै अधिकारका लागि ऐक्यवद्धता जाहेर गर्दछ ।

नील हिरा समाजले ओरलाण्डोमा समलिंगीहरु माथि भएको निर्दयी र बर्बर हत्याकाण्डको गहिरो छानविन गरी दोषि र घटनामा संलग्न रहेका सम्पूर्णलाई कडा कारवाही गर्न माग गर्दछ । त्यस्ता घटना नदोहोरिन, सचेत हुन र समलिंगी तेस्रोलिंगीहरु माथि हुने विभेद, घृणा र हत्या हुन नदिन राष्ट्रिय र अन्तराष्ट्रिय समुदाय समक्ष प्रतिबद्धताको माग गर्दै विश्वभरका सरकार प्रमुखहरु माथि ध्यानाकर्षण गराउन चाहन्छ । नील हिरा समाज यस घटनामा मृत्यु भएका व्यक्तिहरुका अत्माको चीर शान्तिको कामना गर्दै मृतकका परिवारजन एवं साथीहरुमा इश्वरले धैर्य धारण गर्ने शक्ति प्रदान गरुन भन्दै घाइतेहरुको शिघ्र स्वास्थ्य लाभको कामना गर्दछ ।

अध्यक्ष
पिंकी गुरुङ

कार्यकारी निर्देशक
मनिषा ढकाल

Dhumbarahi Marga, Dhumbarahi Height, Kathmandu-4, Nepal;
Tel: +977-1-4443350 / 4426652 / 4426653; Toll Free No.: 1660-01-20140; Fax: +977-1- 4007726;
Email: bluediamondsociety.movement@gmail.com; info@bds.org.np Website: www.bds.org.np